# अनुसूची १०
## (दफा १५ र १९ सँग सम्बन्धित)
## सूची दर्ता
## उपभोक्ता, सामुदायिक र गैरसरकारी संघ-संस्थाहरूलाई
## सूचीदर्ता सूचना आह्वान (ढाँचा)

आर्थिक वर्ष ................ मा चन्द्रागिरि नगरपालिका क्षेत्रभित्र कार्य गर्न इच्छुक उपभोक्ता समिति, संघ, संस्था, संगठन, क्लब, अध्ययन केन्द्र, मण्डल, परिषद लगायत गैर नाफामूलक गैरसरकारी संघ-संस्थाहरूले नगरपालिकाको मौजुदा सूचीमा सूचीकृत हुन तपसिल बमोजिमका कागजातहरू संलग्न राखी १५ दिनभित्र रीतपूर्वकको आवेदन चन्द्रागिरि नगरपालिकाको ................. शाखामा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र दर्ता हुन नआएका आवेदनहरूलाई सूचीमा समावेश गरिनेछैन ।

**तपसिल**

१. निवेदनको सक्कल प्रति ।
२. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि नवीकरणसहित ।
३. प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि नवीकरणसहित ।
४. संस्थाको विधानको प्रतिलिपि ।
५. लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि ।
६. संस्थाको संचालक समितिको बैठकको निर्णय प्रतिलिपि ।
७. वडाले कार्यक्रम उपयुक्त छ भनी गरेको सिफारिसको सक्कलै पत्र ।
८. अघिल्लो वर्षमा (यदि लिएको भए) प्राप्त गरेको सहयोग रकम र सोबाट भएको उपलब्धी, खर्चको विवरण सम्बन्धित पदाधिकारीले प्रमाणित गरी पेश गर्नु पर्ने ।
९. गत आ.व.मा चन्द्रागिरि नगरपालिकामा मौजुदा सूचीमा सूचीकृत भएको भए सोको प्रतिलिपि ।
१०. सञ्चालन गरिने बार्षिक वा पटके कार्यक्रमको विवरण ।
११. संस्थाको गतवर्षको आय-ब्यय विवरण ।
१२. संस्थाको सञ्चालक समिति सदस्यहरूको विवरण ।
१३. नगरपालिकामा दर्ता नभएको संस्थाको हकमा रु १०००।- शुल्क बुझाएर मात्र सूची दर्ताका लागि निवेदन दिन सकिनेछ ।

## अनुसूची ११
## (दफा १५ र १९ सँग सम्बन्धित)
## सूची मूल्यांकनका आधारहरू

**क) पेशागत र प्राविधिक योग्यता :**

(१) विगत ३ वर्षको अवधिमा कार्यानुभव सहितको कागजात २०

(२) विगत २ वर्षको अवधिमा कार्यानुभव सहितको कागजात १२

(३) विगत १ वर्षको अवधिमा कार्यानुभव सहितको कागजात ८

**ख) विगतको कार्य सम्पादन अनुभव :**

(१) कार्य सम्पादन वर्ष अंक भार : वार्षिक २ अंकले ५ वर्षको १०

**ग) माग गरे अनुसारको कागज सम्बन्धी :**

(१) सम्पूर्ण कागजातहरू पेश गरी पूर्णरुपमा पेश भएको १०

(२) पेश नगरेको ०

**घ) स्रोत र अवस्था :**

(१) रु २ लाखदेखि रु ३ लाखसम्म वैंक मौज्दात/कार्य पूँजी २०

(२) रु १ लाखदेखि रु २ लाखसम्म वैंक मौज्दात/कार्य पूँजी १६

(३) रु ५० हजारदेखि रु १ लाखसम्म वैंक मौज्दात १२

(४) रु ३० हजारदेखि रु ५० हजारसम्म वैंक मौज्दात ८

**ङ) कानूनी सक्षमता :**

(१) कानूनी रुपमा आवश्यक सबै कागजात भएको र कुनै कानूनी सजाय नपाएको १०

(२) कारवाही भएको/कालो सूचीमा भएको ०

**च) सेवाको उपलब्धता :**

(१) आफैले गर्ने १०

(२) सहकार्य, साझेदारीबाट गर्ने ८

प्रमाणीकरण: २०७८/०३/३१ गते

आज्ञाले

मूल्य रू. १५/-

निरज पौडेल

प्रमुख प्रशासकीय अधिकृत